सियारी गाउँपालिका
Siyari Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office OfThe Rural Municipal Executive
हर्नया, रुपन्देही
Harnaiya, Rupandehi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

सटर भाडाका लागी शिलबन्दी प्रस्ताव आव्हानको सूचना

(दोस्रो पटक प्रकाशित सूचना मितिः२०८२/१०/२२)

सियारी गाउँपालिका, गाउँ कार्यपालिकाको मितिः २०८२/०९/२३ को निर्णय अनुसार यस गा.पा.को स्वामित्वमा रहेका वडा नं. ७ कनरी समयमाई विद्यालय कम्पाउन्ड अगाडी रहेको पुरानो भवनको सटर सख्या २ र सियारी -०४ छपिया चोकमा रहेको सटर संख्या ४ प्रचलित कानुन बमोजिम प्रतिस्पर्धाका माध्यमबाट भाडामा लगाउनु पर्ने भएकोले इच्छुक फर्म/व्यक्ति तथा व्यवसायीहरुले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही सुचना प्रकाशित भएको ७ (सात) दिन भित्र कार्यालय समयमा शिलबन्दी बोलपत्र दरभाउ पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

सर्तहरुः

१. भाडा लिन चाहने इच्छुक व्यक्ती, फर्म तथा व्यवसायीहरुले रू. ५००/- दस्तुर तिरी यस कार्यालयबाट आवेदन खरिद गर्न सक्नेछ।
२. प्रस्ताव पेश गर्दा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, अद्यावधिक व्यवसाय दर्ता प्रमाणपत्र तथा स्थायी लेखा नम्बरको प्रतिलिपि पेश गर्नुपर्नेछ।
३. प्रचलित कानुनले बन्देज लगाइएको सरसमानहरु विक्री वितरण गर्न पाईने छैन।
४. पानी महशुल तथा विद्युत महशुल भाडामा लिने व्यक्ती, फर्म तथा व्यवसायीले व्यहोर्नुपर्नेछ।
५. वडा नं.७ को हकमा प्रति सटर न्युनतम रु.१०००/- र वडा नं.४ को हकमा प्रति सटर न्युनतम रु. २५००/- मात्र कायम भएकोले सो रकम भन्दा घटी कवोल गर्न पाईने छैन। सबै भन्दा बढी कबोल गर्ने र रितपूर्वक भएको आवेदन लाई स्वीकृत गरिनेछ। कबोल रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेख्नुपर्नेछ।
६. आवेदन स्वीकृत भएको आवदेकले स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले सात दिनभित्र आफुले कवोल गरेकको मासिक भाडाको दरले जम्मा ३ महिनाको भाडा वापत हुने रकम सहित सम्झौता गर्न आउनुपर्नेछ।
७. स्वीकृत भएको मासिक भाडा रकम प्रत्येक महिनाको ७ गतेभित्र गाउँपालिकामा स्वयं उपस्थितभई भाडा बुझाई सक्नुपर्नेछ।
८. सूचना प्रकाशन भएको ७ औँ दिन (बिदा परेमा भोलिपल्ट) को १२:०० बजे भित्र यस कार्यालयमा सिलबन्दी गरी आवेदन पेश गर्नुपर्नेछ। रितपूर्वक पेश हुन आएको सिलबन्दी प्रस्तावहरु सोही दिनको २:०० बजे प्रस्तावदाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव फाराम खोल्न कुनै बाधा पर्ने छैन।
९. प्रस्ताव फाराम बाहिर प्रस्तावदाताले आफ्नो नाम, ठेगाना, सम्पर्क नं. तथा विषय स्पष्ट सँग उल्लेख गर्नुपर्नेछ।
१०. सटरको स्थायी संरचनामा हानीनोक्सानी असर नपर्ने गरी व्यवस्थापन गरी संचालन गर्नुपर्नेछ।
११. सूचना सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।
१२. यस सूचनामा उल्लेख नभएमा कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

२०८२/१०/२२

लक्ष्मण पाण्डे
प्रमुख प्रशासकीय अधिकृत